# सरावल गाउँपालिका

नवलपरासी (ब.सु.प.)

# बालमैत्री आचारसंहिता

तयारकर्ता

## सरावल गाउँपालिका

### नवलपरासी (ब.सु.प.)

बालमैत्री आचारसंहिता कार्यपालिका बैठकबाट स्वीकृत मिति: २०८१।०४।१६

..............................

सुखाडी प्रसाद चौधरी

गाउँपालिका अध्यक्ष

सुखाडी प्रसाद चौधरी थारु

अध्यक्ष

# सरावल गाउँपालिका

## नवलपरासी (ब.सु.प.)

# बालमैत्री आचारसंहिता

**स्थानीय तहलाइ बालमैत्री गराउनका लागि कार्यालय, संघ संस्थाको लागि आचारसंहिता**

- बालबालिकाको क्षेत्रमा अधिकतम बजेट लगानी गर्ने ।
- स्थानीय तहको नीति, योजना, संरचना र कार्यप्रक्रियामा बालअधिकारको विषयलाई संस्थागत गर्ने । बाल बचाउ, संरक्षण, विकास र अर्थपूर्ण सहभागिताका सवाललाई प्राथमिकतामा राखी सम्बोधन र संरक्षण गर्ने ।
- बालबालिकासंग सरोकार राख्ने स्थानीय तहको निर्णय प्रक्रियामा १२-१८ वर्षका बालबालिकाको अनिवार्य सहभागिता गराउने ।
- भौतिक पूर्वाधार र सामाजिक संरचनाहरु बनाउँदा बालमैत्री गराउने ।
- बालबालिकालाई कुनै पनि आधारमा भेदभाव नगर्ने ।
- बालाबलिकालाइ हिंसा, दुर्व्यवहार, हेला, वेवास्ता नगर्ने ।
- बालबालिकालाइ जोखिमपूर्ण कार्यमा नलगाउने ।
- बालक्लब/बालसंजाल गठन र संचालनमा सहयोग गर्नुका साथै बालबालिकाको क्षमता विकासमा सहयोग गर्ने ।
- घरपरिवार, समुदाय र संस्थागत तवरबाट बालसहभागिता वृद्धि गर्ने, प्रोत्साहन गर्ने सचेतना जगाउने ।
- शिक्षा, स्वास्थ्य, संरक्षणबाट वञ्चित र हिंसा, दुर्व्यवहारमा परेका बालबालिकाको उद्धार र विकासका लागि निरन्तर सक्रियताका साथ कार्य गर्ने ।
- बालबालिकालाइ बालमैत्री व्यवहार गर्ने ।
- बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिकाले निर्धारण गरेका सुचक तथा मापदण्ड पुरा गर्ने, बालबालिकाको अधिकार संरक्षण गर्ने ।

सुखाडी प्रसाद चौधरी थारु
अध्यक्ष

# सरावल गाउँपालिका
## नवलपरासी (ब.सु.प.)
## बालमैत्री आचारसंहिता

### स्थानीय तहलाइ बालमैत्री गराउनका लागि बालबालिकाको आचारसंहिता

- भविश्यमा आफु के बन्ने र कस्तो बन्ने भन्ने सोची लक्ष्य निर्धारण गर्ने, लक्ष्य प्राप्तीको लागि मेहनतका साथ अध्ययन गर्ने र लक्ष्य प्राप्त गर्न बाधक बन्न सक्ने विकृति कुलत, दुर्व्यसन, बालविवाह जस्ता कार्यमा संलग्न नहुने ।
- मोबाइलको प्रयोग धैरै प्रयोग नगर्ने, दुरुपयोग नगर्ने, संचार माध्यमको उचित प्रयोग गर्ने ।
- व्यक्तिगत सरसफाइमा ध्यान दिने र अरुलाइ पनि सरसफाइको लागि प्रोत्साहन गर्ने ।
- दिसा पिसाबको लागि चर्पीको प्रयोग गर्ने, चर्पीको प्रयोग गर्न जनचेतना जगाउने ।
- खाना खानु अघि र शौचालयको प्रयोग गरिसकेपछि साबुन पानीले हात धुने ।
- पढ्ने समय, खेल्ने समय, सुत्ने समय र आफ्ना अभिभावकलाइ सहयोग गर्ने निश्चित समय निर्धारण गर्ने ।
- नियमित रुपमा विद्यालय जाने । विद्यालय समयमा अनिवार्य रुपमा आफ्नो कक्षाकोठामा उपस्थित हुने ।
- विद्यालयको नीति नियम तथा अनुशासनको पूर्ण पालना गर्ने ।
- विद्यालय र समुदायमा संचालित अतिरिक्त क्रियाकलापमा सहभागी हुने ।
- शिक्षकले पढाएको कुरा नबुझेमा फेरी सोध्ने, गृहकार्य पूरा गर्ने र शिक्षकले भनेको मान्ने ।
- वालविवाहको लागि मन्जुर नहुने र गाउँ टोलमा वालविवाह भएको वा हुने सुचना पाएमा वडा कार्यालय /गाउँपालिका/ प्रहरी कार्यालयमा जानकारी दिने ।
- आफुभन्दा ठुलालाइ आदर र सानालाइ माया गर्नुका साथै कुनै नराम्रो काम वा संगत नगर्ने ।
- चुरोट, सुर्तीजन्य र मदिरा जन्य पदार्थको प्रयोग नगर्ने, खरिद बिक्रिमा संलग्न नहुने ।
- झुटो नबोल्ने र सही कुरा भन्न र सही निर्णय लिन, दिन नडराउने ।
- बालसमुह र संजालको नियमित वैठक बसी बालमैत्री गाउँ बनाउन र निरन्तरताको लागि सचेतना जगाउने । बालबालिकाको मनोबल बढाउने कार्यक्रमहरु संचालन गर्ने र संलग्न हुने ।
- आफ्नो घरलाइ बालमैत्री गराउनको लागि पहल गर्ने ।

सुखाडी प्रसाद चौधरी थारु
अध्यक्ष

# सरावल गाउँपालिका

## नवलपरासी (ब.सु.प.)

# बालमैत्री आचारसंहिता

## स्थानीय तहलाइ बालमैत्री गराउनका लागि घरपरिवार र समुदायको आचारसंहिता

- गर्भवती महिलाहरुको उचित स्याहार गर्ने, स्वास्थ्यकर्मीको सुझाव अनुसार नियमित रपमा जाँच गराउने ।
- बच्चा जन्मेको ३५ दिन भित्रमा जन्मदर्ता गराउने ।
- बालबालिकालाई पैसा र अर्ति मात्र नभई पर्याप्त समय दिने । उमेरअनुसार उचित मार्गदर्शन र मित्रवत् व्यवहार गर्ने ।
- साबुन पानीले हात धोएर मात्र बालबालिकालाइ खाना खुवाउने, सबैले खाना खानु अघि र शौचालयको प्रयोग गरिसकेपछि साबुन पानीले हात धुने ।
- आफ्नो घरमा बालबालिकालाइ उपयुक्त हुने गरी शौचालय निर्माण गर्ने ।
- ३-४ वर्षका बालबालिकालाइ प्रारम्भिक बालविकास केन्द्रमा भर्ना गर्ने । उमेरअनुसार आधारभुत/माध्यमिक तहमा नियमित पठनपाठनको लागि प्रोत्साहित गर्ने ।
- विद्यालय पठाइएका बालबालिका विद्यालय गए/नगएको विषयमा ध्यान दिने ।
- आफ्ना बालबालिकाको विषयमा वा पढाइको विषयमा कम्तिमा २ महिनामा एक पटक विद्यालयमा सम्पर्क गर्न जाने ।
- आफ्नो घरपरिवार समुदायका बालबालिकालाइ कुलत र दुर्व्यसनमा फस्न बाट जोगाउने, सुर्तिजन्य र मदिराजन्य पदार्थ खरिद विक्रिमा समेत संलग्न नगराउने ।
- बालबालिकाको अगाडि अभिभावकले चुरोट, रक्सी, सूर्ती, गुट्का लगायतका पदार्थ सेवन नगर्ने, सार्वजनिक स्थानमा जुवातास नखेल्ने । सभ्य नागरिकको परिचय दिने ।
- २० वर्ष उमेर नपुग्दै बालबालिकाको विवाह नगर्ने, नगराउने ।
- बालबालिकालाइ भारी बोक्ने, धारिलो हतियार चलाउने, कलकारखानामा काम गर्ने, धेरै शारीरिक परिश्रम गर्ने जस्ता जोखिमपूर्ण कामहरु र उनीहरुले गर्न नसक्ने, नभ्याउने कुनै पनि प्रकारका काममा नलगाउने ।
- बालबालिका प्रति कुनै पनि प्रकारको दुर्व्यवहार, कुटपिट, अपहेलना लगायत शारीरिक तथा मानसिक रुपमा आघात पुग्ने काम नगर्ने ।
- बालबालिका सम्बन्धी परिवार/ समुदायमा हुने छलफलमा उनीहरुलाइ सहभागी गराउने ।
- बालबालिकालाइ सत्य कुरा स्पष्ट संग व्यक्त गर्न प्रात्साहन गर्ने ।

सुखाडी प्रसाद चौधरी थारु
अध्यक्ष

# सरावल गाउँपालिका

## नवलपरासी (ब.सु.प.)

# बालमैत्री आचारसंहिता

## स्थानीय तहलाइ बालमैत्री गराउनका लागि शैक्षिक संस्थाको आचारसंहिता

- बालबालिकालाइ शारीरिक तथा मानसिक दण्ड नदिने ।
- दण्डरहित वातावरण र बालमैत्री व्यवहार प्रदर्शन गर्दै शिक्षण क्रियाकलाप गर्ने । (नम्र व्यवहार र हसिलो मुहारका साथ पढाउने)
- विद्यालय व्यवस्थापन समितिमा बालक्लबको सहभागिता सुनिश्चित गर्ने ।
- शिक्षक, विद्यार्थी सबै विद्यालयमा समयमा आउने ।
- तोकिएबमोजिम शिक्षण क्रियाकलाप गर्ने ।
- विद्यालयभित्र राजनीति नगर्ने ।
- विद्यालय हाता भित्र सुर्ती, गुट्का, धमपान, मदिरापान वा अन्य कुनै पनि नशालु पदार्थ सेवन नगर्ने । विद्यालय आसपास १०० मिटरभित्र उक्त पदार्थहरु विक्रि वितरण गर्न नपाइने व्यवस्था गर्ने ।
- बालमैत्री धारा, सफा पिउने पानी र शौचालयको उचित व्यवस्था गर्ने ।
- साबुन पानीले हात धुने बानीको विकास गराउने ।
- कुहिने र नकुहिने फोहोर अलग अलग विसर्जनको व्यवस्था गर्ने ।
- प्राथमिक उपचारका लागि उचित व्यवस्थापन र समय समयमा स्वास्थ्य परिक्षणको व्यवस्था गर्ने ।
- विद्यालय हाताभित्र बाल बगैंचा र आवश्यक खेल सामाग्री व्यवस्था गर्ने ।
- विद्यालयमा विद्यार्थी परामर्श कक्ष/विश्राम कक्षको व्यवस्था गर्ने ।
- विद्यालय उमेरका सम्पूर्ण बालबालिकालाइ अनिवार्य विद्यालय भर्ना गर्ने ।
- भर्ना भइ विद्यालय आउन छोडेका विद्यार्थीलाइ पुनः विद्यालयमा आउने वातावरण सिर्जना गराउने ।
- विद्यालयमा प्रत्येक हप्ता अतिरिक्त क्रियाकलाप गर्ने र सबै बालबालिकालाइ भाग लिन सक्ने वातावरण सिर्जना गर्ने ।
- बालबालिका संग सरोकार राख्ने विषयहरुमा निर्णय गर्दा बालबालिकाको सहभागिता गराउने ।
- कुनै पनि विद्यार्थीलाई धर्म, जात, धनि, गरिबको नाममा भेदभाव नगरी अध्यापन गर्ने ।

सुखाडी प्रसाद चौधरी थारु
अध्यक्ष